# सडक बोर्ड नेपाल

(सडक बोर्ड ऐन, २०५८ अन्तर्गत स्थापित)
मिनभवन, काठमाडौं

प.सं. २०७५।०७६

च.नं. ६५७

मिति :- २०७५/८/१४

श्री शिखर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय,
डोटी ।

**बिषय :-आ.व. २०७५/०७६ को स्वीकृत कार्यक्रमको सहमति सम्बन्धमा ।**

उपरोक्त सम्बन्धमा तहाँको प.सं. २०७५/०७६ च.नं. १७९, २१७ मिति २०७५/०७/१४, ८/१३ को पत्रसाथ संलग्न गरिएको सडक मर्मत संभार सम्बन्धी बार्षिक कार्यक्रम क्रमश: मिति २०७५/०७/१५, ८/१४ मा प्राप्त भई व्यहोरा अवगत भयो । त्यस निकायको स्वामित्वमा रहेको स्थानीय सडकहरू मध्ये प्राथमिकताको आधारमा क्रमश: कालोपत्रे सडक, ग्रामिण सडक र कच्ची ग्रामिण सडकको नियमित, पटके, आवधिक र विशेष मर्मत संभारको बार्षिक कार्य जिम्मेवारी पूर्वक तहाँबाट नै छनौट तथा स्वीकृत गरी छनौट प्रकृयामा सडक बोर्डको निर्देशिका वमोजिम फरक नपर्ने गरी प्रतिबद्धता सहित पठाइएको निम्न वमोजिमको बार्षिक कार्यक्रममा यस बोर्डको सहमति रहेको छ । यसरी सहमति प्रदान गरिएको सडक मर्मत संभार सम्बन्धि बार्षिक कार्यक्रम प्रचलित नियमानुसार संचालन, सम्पादन तथा सम्पन्न गरी समझदारी पत्रमा उल्लेख भए बमोजिमको आवश्यक कागजातहरू पेश गर्नहुन अनुरोध छ । साथै चालु आ.व.को जेष्ठ मसान्त भित्र स्वीकृत बार्षिक कार्यक्रमको कम्तीमा ७०% प्रगति पेश गरी सम्झौता बमोजिमको रकम निकासा लिनुहुन समेत अनुरोध गरिन्छ ।

**स्वीकृत कार्यक्रमको विवरण**

| सि.नं. | सडकको नाम | किसिम | कुल लम्बाई ( कि.मि.) | मर्मत लम्बाई ( कि.मि.) | कुल लागत (रु.) | सडक बोर्डले व्यहोर्ने रकम (रु.) |
|---|---|---|---|---|---|---|
| १ | तल्कोट धुर्कोट सडक | ग्राभेल/माटे | ११.०० | ११.०० | १,०००,१४९.९ | ७००,०००.० |
| २ | धुर्कोट तिजाली सडक | ग्राभेल/माटे | ५.०० | ५.०० | ९९९,९२०.० | ६९९,९४४.० |
| ३ | गोपघाट लाटामाण्डौ उजेलीगाउ सडक | ग्राभेल/माटे | १०.०० | १०.०० | १,४४९,९३७.६ | १,०००,०००.० |
| ४ | कालागाड जल्फु सडक | ग्राभेल/माटे | १२.०० | १२.०० | १,०००,१९९.५ | ७००,१३९.७ |
| ५ | बान्डुग्रिसैन उच्चाकोट सडक | ग्राभेल/माटे | १०.०० | १०.०० | ९९९,८७९.० | ६९९,९१६.४ |
| ६ | समुवागाड कपल्लेखी नापानी सडक | ग्राभेल/माटे | १५.०० | १५.०० | १,०००,०००.० | ७००,०००.० |
| जम्मा | | | | | ६,४५०,०८६.१ | ४,५००,०००.० |

.............................
इ. कृष्ण सिंह बस्नेत
कार्यकारी निर्देशक

१) श्रीमान् अध्यक्षज्यू, सडक बोर्ड नेपाल ।
२) श्री संघिय मामिला तथा सामान्य प्रशासन मन्त्रालय,
योजना महाशाखा, सिंहदरबार ।
३) श्री स्थानीय पूर्वाधार विभाग, पुल्चोक, ललितपुर ।
४) श्री लेखा शाखा, सडक बोर्ड नेपाल ।
५) श्री प्राविधिक शाखा, सडक बोर्ड नेपाल ।
६) श्री प्रशासन शाखा : उपरोक्तानुसारको पत्र वेभसाईटमा अपलोड हुन ।

अरनिको भवन, मिनभवन पो.व.नं. ११४०६, काठमाडौं, नेपाल, फोन नं. ४४९३५१५, ४४९३५२९, ४४९३५३९
फ्याक्स नं. :+९७७-१-४४९३५४२, ४४६०८७१, इमेल : info@rbn.org.np; roadsboardnepal.org@gmail.com
वेभसाइट : www.rbn.org.np

## सडक बोर्ड नेपाल तथा स्थानीय निकाय बीच सडक मर्मत संभार कार्यको लागि गरिएको समझदारी पत्र
## (Memorandum of Understanding)

...पालको तर्फबाट प्रतिनिधित्व गर्ने कार्यकारी निर्देशक(त्यसपछि प्रथम पक्ष भनेर संबोधन गरिएको र सम्बन्धित............
...गरपालिका (महानगरपालिका तथा उपमहानगरपालिका समेत) को तर्फबाट प्रतिनिधित्व गर्ने स्थानीय विकास अधिकारी/कार्यकारीअधिकृत (
...श्रो पक्ष भनेर संबोधन गरिएको बीच यो समझदारी कायम भएको छ।

... बोर्ड ऐन २०५८, सडक बोर्ड नियमावली २०६०, सडक बोर्ड निर्देशिका २०६१, सार्वजनिक खरिद ऐन २०६३, सार्वजनिक खरिद ...ली २०६४, कार्यकारी समितिको निर्णय तथा निर्देशनको परिधि भित्र रही सावधानीपूर्वक एवम् दक्षताका साथकार्य गर्न/गराउन ... श्रोत र साधन समेतको समुचित व्यवस्थापन गरी निर्दिष्ट गुणस्तर तथा वातावरणिय संतुलन कायम राख्दै दोश्रो पक्षबाट ...को सडक मर्मत सम्भार प्राथमिकताका आधारमा स्वीकृत तथा प्रथम पक्षबाट सहमति भएका सडक मर्मत सम्भार सम्बन्धी वार्षिक ... अनुरुपको सडक मर्मत संभार कार्य सम्पन्न गर्ने गराउने प्रतिवद्धता दोश्रो पक्षले व्यक्त गर्दछ।

...श्रो पक्षद्वारा ठेक्का वा उपभोक्ता समिति मार्फत संचालित कार्य, प्रथम पक्ष वा यसका प्रतिनिधि वा डोलिडारले निरीक्षण, अनुगमन तथामूल्याङ्कन गर्ने ... भएकोले सम्बन्धित सम्पूर्ण दस्तावेज उपलब्ध गराउने तथा निरीक्षणमा आवश्यक सहयोग उपलब्ध गराउने दायित्वदोश्रो पक्षको हुनेछ। नेपाल सरकारको ...कारिक निकायहरूबाट निरीक्षणको क्रमसा संचालित कार्यक्रमको गुणस्तर तथा प्रगति ...रित मापदण्ड अनुरुप नभएको जानकारी बोर्डलाई प्राप्त भएमा बोर्डले उपलब्ध गराउने रकम रोक्का गर्न सक्नेछ।

... दोश्रो पक्षबाट स्वीकृत एवम् प्रथम पक्षको सहमति अनुसारको कार्यक्रम चालु आ.व. को जेष्ठ मसान्त भित्र कम्तीमा ७०% को प्रगति पेशगरी सम्झौता ...जिमको रकम निकासा लिई सक्नुपर्नेछ।

... प्रथम पक्षले रकम निकासा दिंदा सडक बोर्ड निर्देशिका २०६१ दफा ४७ ले निर्धारण गरेको मापदण्डको परिधि भित्र रही निकासा दिने प्रतिवद्धता व्यक्त गर्दछ। यसरी निकासा दिंदा पहिलो निकाशा रकम स्वीकृत बजेट अनुसार उपलब्ध गराइनेछ र बाँकी रकम संचालित कार्यक्रमको प्रगति तथा सम्झौता वा ठेक्का रकमको आधारमा हुनेछ।

५. मासिक प्रतिवेदन, चौमासिक प्रतिवेदन तथा बार्षिक प्रतिवेदन, खर्चको फाँटवारी लगायत अन्य आवश्यक विवरण प्रथम पक्ष समक्ष पेशगर्ने जिम्मेवारी दोश्रो ...क्षको हुनेछ।

६. सडक बोर्डको स्वीकृत एकीकृत बार्षिक योजना (क्ष्थए) अनुसारको रकम मात्र प्रथम पक्षले दोश्रो पक्षलाई उपलब्ध गराउन सक्नेछ।

७. आर्थिक बर्षभित्र बिशेष वा काबु बाहिरको परिस्थितिको कारण सबै कार्य पुरा हुन नसकेको अवस्थामा सम्पन्न भएका कार्यको मात्र खर्चलेखाङ्कन गरिनेछ। बाँकी कार्यहरु अर्को आर्थिक बर्षको कार्यक्रममा समावेश गर्न सकिनेछ।

८. दोश्रो पक्षको मातहत भित्र रहेका सम्पूर्ण सडकको तथ्याङ्क सडक बोर्डले, निर्दिष्ट गरेको ढाँचामा हरेक बर्ष पेश गर्नु पर्नेछ। प्रथम पक्षलेविवरण प्राप्त गरेपछि उपलब्ध श्रोतको आधारमा आगामी आ.व.को लागि बजेट सिलिङ्ग उपलब्ध गराउनु पर्नेछ र सो कार्य सामान्यतयाचालु आ.व.को श्रावण महिनाभित्र गर्नु पर्नेछ।

९. दोश्रो पक्षले बजेट सिलिङ्ग, स्थानीय सडक मर्मत सम्भार सम्बन्धी बार्षिक कार्यक्रमको सहमतीका आधार स्थानिय निकायले व्यहोर्नु पर्ने म्याचिङ्ग फण्ड समेत समावेश गरी चालु आ.व.को कार्तिक मसान्त भित्र सडक मर्मत संभारको बार्षिक कार्यक्रम स्वीकृत गरी प्रथम पक्षको सहमतिको लागि पेश गर्नु पर्नेछ।

१०. कुनै कारणवश कार्यक्रम संशोधन/थप गराउनु पर्ने भएमा वा बिशेष कारणवश कार्तिक मसान्त भित्र कार्यक्रम स्वीकृत हुन नसकेको अवस्थामा चालु आ.व. भित्रै कार्य सम्पन्न गर्ने प्रतिवद्धताका साथ ढीलोमा चालु आ.व.को फाल्गुण मसान्त भित्र बार्षिकरसंशोधित/थप कार्यक्रम प्रथम पक्षको सहमतिको लागि पेश गर्नु पर्नेछ।

११. दोश्रो पक्षले चालु आ.व.को असाढ मसान्त भित्र खर्च गर्न नसकेको एकमुष्ट बचत रकम सडक बोर्डमा फिर्ता गर्नुपर्नेछ।

१२. कार्य सम्पन्न भएपछि दोश्रो पक्षले कार्य सम्पन्न प्रतिवेदन, अन्तिम प्रगति प्रतिवेदन, अन्तिम लेखा परिक्षण र कार्यको गुणस्तरिय भए/नभएको प्राविधिक पुष्ट्याईको विवरणका साथै माग भएका अन्य विवरण भदौ पहिलो साता भित्र प्रथम पक्षलाई उपलब्ध गराउनुपर्ने छ। उपभोक्ता समितिबाट भएको कार्यको हकमा "सडक बोर्ड निर्देशिका २०६१" मा उल्लेख भए अनुसारका कागजातहरु प्रथम पक्षलाई उपलब्ध गराउनु पर्नेछ।

१३. सडक बोर्ड नेपाल तथा डोलिडारको अनुगमनको क्रममा सम्बन्धित निकायले प्राथमिकताको क्रम बाहेक अन्य कार्यमा खर्च गरेको पाइएमा आगामी बर्षको ...र्यक्रममा बिनियोजित रकम घटाउन/रोक्न सक्ने छ।

१४. कार्य सम्पादन मूल्याङ्कनको आधारमा डोलिडार वा प्रथम पक्ष आफैले प्रत्येक निकायको एभचायक्कबलअभ मूल्याङ्कन गर्ने छ भन्ने दुवै पक्षलाई मन्जुर छ।

**प्रथमपक्षको तर्फबाट**

नाम : ड. कृष्ण सिंह बास्नेत
पद :
दस्तखत : कार्यकारी निर्देशक

कार्यालयको छाप :
मिति :

**साक्षी :**
नाम : ड. बाग डुवाल
पद :
दस्तखत : प्राविधिक निर्देशक

**दोश्रोपक्षको तर्फबाट**

नाम : धर्मराज विनाडी
पद : प्रमुख प्रशासकीय अधिकारी
दस्तखत :
०६८।०८।१४

कार्यालयको छाप : नि. प्रमुख प्रशासकिय अधिकृत
मिति :

शिखर नगरपालिकाको कार्यालय, ७ नं. प्रदेश नेपाल, कैलाली, डोटी, २०७३

**साक्षी :**
नाम : रविन्द्र प्रसाद फुलारा
पद : ईन्जिनियर
दस्तखत :
रविन्द्र प्र. फुलारा

सडक बोर्ड नेपाल २०५५